आर्थिक वर्ष ०७३/७४ को लागि गाविस तथा नपाको लागि बजेट सिमा तथा आयोजना छनौट गर्दा प्राथमिकताका आधारहरु : आयोजना छनौट गर्दा प्राथमिकताका आधारहरु :

१. आयोजना छनौट गर्दा आर्थिक तथा सामाजिक दृष्टिकोणले पछाडी पारिएका वर्ग एवं क्षेत्र तथा दलित, उत्पिडित, महिला, अपांग, आदिवासी, जनजातिको विकासमा सघाउ पुग्ने ।

२. बढी भन्दा वढी स्थानीय वासिन्दाहरुको सहभागिता र श्रम प्राप्त गर्न सकिने आयोजनालाई प्राथमिकता दिई आयोजना छनौट गर्ने ।

३. स्थानीय साधन, सीप, स्रोत र क्षमताको परिचालन हुन सक्ने आयोजनालाई प्राथमिकता दिने ।

४. आयोजना छनौट गर्दा लैंगिक सन्तुलन, वातावरणलाई प्रतिकुल असर नपर्ने खालका आयोजनालाई प्राथमिकता दिने ।

५. सर्वसाधारण जनतालाई तत्काल प्रत्यक्ष फाइदा हुने तथा रोजगार प्रवर्द्धन हुने र कृषि उत्पादन वृद्धि गर्ने तथा आय आजर्नमा सघाउ पुग्ने आयोजना छनौट गर्ने ।

६. सर्वसाधारण जनतालाइ फाइदा पुग्ने।

७. उत्पादनमुलक र कम खर्चमा अधिक फाइदा पुग्ने खालको।

८. मागको आधारमा ।

९. रोजगारिको अवसर सृजना गर्ने खालको।

१०. जनसहभागिताका आधारमा ।

११. प्राविधिक तथा सामाजिक मान्यताका आधारमा ।

१२. समुदायको रुची ।

## जिल्ला विकास योजना तयारीका क्रममा जिविसद्धारा गाविस तथा नपालाई पठाइएको बजेट सिमा तथा मार्गदर्शन

**बजेट सिमा (स्थानीय निकाय अनुदान तर्फ )**

१. ३३ वटा गाविस र ८ नपा प्रत्येकलाई रु ५ लाखको दरले अनुदान दिने ।

२. गाविस/नगरपालिका अनुदान अन्तरगत गाविस र नगरपालिकालाई प्राप्त हुने अनुदान रकम ।

**मार्गदर्शन :**

१. जिल्ला विकास समिति झापाको आवधिक योजना, जिल्ला यातायात गुरु योजना र गाविस तथा न.पा.को आवधिक एवं गुरुयोजनालाई आधार मानी आयोजना छनौट गर्ने ।

२. अधुरा योजना, छोटो समयमा बढी प्रतिफल दिने तथा कम लगानीबाट बढी जनसंख्यालाई लाभ पु¥याउने खालका आयोजना र सकभर १ वर्षमा नै पुरा गर्न सकिने आयोजनालाई प्राथिमिकता दिई आयोजना छनौट गर्ने ।

३. आयोजना छनौट गर्दा आर्थिक तथा सामाजिक दृष्टिकोणले पछाडी पारिएका वर्ग एवं क्षेत्र तथा दलित, उत्पिडित, महिला, अपांग, आदिवासी, जनजातिको विकासको लागि प्राथमिकता दिई कार्यक्रम तर्जुमा गर्ने ।

४. बढी जनसहभागिता प्राप्त गर्न सकिने आयोजनालाई प्राथमिकता दिई आयोजना छनौट गर्ने ।

५. स्थानीय स्रोत साधनको परिचालन हुन सक्ने आयोजनालाई प्राथमिकता दिने ।

६. आयोजना छनौट गर्दा लैंगिक सन्तुलन, वातावरणलाई प्रतिकुल असर नपर्ने खालका आयोजनालाई प्राथमिकता दिने ।

७. स्थानीयस्तरमा संचालन गरिने कार्यक्रमका लागि समूह गठन गर्दा पहिला नै गठन भई रहेका समूह प्रयोग गर्ने ।

८. योजना तर्जुमा कार्यान्वयन र मूल्यांकनमा समन्वय र सहयोगका लागि कार्यतालिका बनाई कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने व्यवस्था मिलाउने ।

९. राष्ट्रिय योजना आयोगको सचिवालयबाट प्राप्त हुने बजेट सिमा र मार्गदर्शनलाई समेत मध्य नजर गरेर आयोजना तर्जुमा गर्ने ।

१०. गाविसले प्रस्तावित बजेट र कार्यक्रम तर्जुमा, कार्यान्वयन र मूल्यांकनगर्दा स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को पूर्ण पालना गर्ने ।

११. वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रबाट सिफारिस भएका आयोजनाहरुलाई योजना तर्जुमा गर्दा प्राथमिकता दिने ।

१२. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा व्यवस्था भए बमोजिम पूंजीगत बजेट मध्ये महिलाहरुको लागि १०%, वालवालिकाहरुको लागि १०% र आदिवासी जनजाति, दलित, महिला र पिछडीएका वर्गहरुको लागि १५% अनिवार्यरुपमा विनियोजन गर्ने ।

१३ . सबै गाविसहरुले चालु आर्थिक बर्ष भित्र गाविस पार्श्व चित्र **(Village Profile)** तयार गरी सक्ने व्यबस्था मिलाउने ।

१४. आकस्मिक प्राकृतिक प्रकोप न्यूनिकरणको लागि केही रकम बिनियोजन गर्ने र जिबिसबाट प्राकृतिक श्रोत ( ढुंगा गिटी बालुवा कर) वापत रकम प्राप्त गर्ने न.पा/गाविसले सो रकम नदि नियन्त्रण कार्यमा मात्र खर्च गर्ने गरी कार्यक्रम तर्जुमा गर्ने ।

१५. राष्ट्रियस्तरका कार्यक्रममा सहयोग पु¥याउने, **CFLG, EFLG, ODF,** धुवाँरहित भान्सा घर अभियान, पुर्ण खोप, पुर्ण साक्षरता कार्यक्रमलाई प्राथमिकता दिने ।